लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
ISO 9001:2015
UKAS
Certificate No. 42693

द.नं. २०८१.४.१.१

मिति : २०८१/०४/०१

श्रीमान अध्यक्ष ज्यू
नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : २२औं वार्षिक साधारण सभाको (माइन्युट) विवरण पठाएको बारे ।

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८१/०३/१३ बिहीबारका दिन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरमा बसेको २२ औं वार्षिक साधारण सभा (आ.व.२०७९/८० को) मा भएको काम कारवाहिको विवरण (माइन्यूट) जानकारीको लागि तहाँ कार्यालय समक्ष पेश गरिएको छ ।

सधन्यवाद ।

भवदीय,

सुदर्शन गिरी
(कम्पनी सचिव)

संलग्न : पाना ६ को माइन्यूट थान - १ ।

कर्पोरेट कार्यालय: पो.ब.नं.: २११०५, चौथो तल्ला, स्टार मल, पुतलीसडक, काठमाडौं, नेपाल
फोन: ४०१२६१३, ४०१२६१४, फ्याक्स: ९७७-१-४०१२६१५, इ-मेल: liccorporate@licnepal.com.np

# लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको

## बाईसौं (२२औं) वार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण (माईन्यूट)

**१. प्रारम्भिकः**

कम्पनी ऐन २०६३ र यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको नियमावली बमोजिम कम्पनीको २२ औं वार्षिक साधारण सभा संचालक समिति सदस्य श्री तबलेश पाण्डेयज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

**२. सभा भएको मिति, स्थान र समयः**

मितिः २०८१ साल आषाढ १३ गते बिहिबार (२७ जुन २०२४)
स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
समयः बिहान ११.४५ बजे प्रारम्भ भई अपरान्ह १.१५ बजे सम्पन्न ।

**३. सभाको सूचनाः**

यस कम्पनीको २२ औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ अनुसार प्रथम पटक २०८१/२/२३ गतेको कारोबार दैनिक, दोस्रो पटक २०८१/३/३ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचना एवं यस कम्पनीको वेभसाइटमा राखिएको सूचना बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषय सूचिको साथै आ.व. २०७९/८० को संक्षिप्त बार्षिक आर्थिक विवरण सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

**४. छलफल गरिएका विषय सूचिः**

छलफलका विषयहरुः

(क) साधारण प्रस्तावहरुः

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७९/८० प्रस्तुत गरी अनुमोदन गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७९/०८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने ।

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**(ख) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।**

Life Insurance Corporation (Nepal) Ltd.

५. उपस्थितिः

५.१ सञ्चालकहरुको उपस्थितिः

| | | | |
|---|---|---|---|
| (क) | श्री तबलेश पाण्डेय | - | सञ्चालक/सभाध्यक्ष (विद्युत्तिय माध्यम) |
| (ख) | श्री अशोक कुमार अग्रवाल | - | सञ्चालक |
| (ग) | श्री प्रविन कुमार मोलरी | - | सञ्चालक (विद्युत्तिय माध्यम) |
| (घ) | श्री प्रणय कुमार | - | सञ्चालक/ प्रमुख कार्यकारी अधिकृत |
| (ङ) | श्रीमती कोमल अग्रवाल | - | संचालक |

५.२ कम्पनी पदाधिकारीको उपस्थितिः

| | | | |
|---|---|---|---|
| (क) | श्री ए दत्ता | - | नायब प्रमुख कार्यकारी अधिकृत |
| (ख) | श्री रोहित बुदियाल | - | प्रमुख - सूचना प्रविधि विभाग |
| (ग) | श्री सुदर्शन गिरी | - | कम्पनी सचिव |
| (घ) | श्री श्रीखण्ड श्रेष्ठ | - | बरिष्ठ मुख्य प्रबन्धक |
| (ङ) | श्रीमती सिर्जना नेपाल | - | बरिष्ठ मुख्य प्रबन्धक |
| (च) | श्रीमती जिरेनियम श्रेष्ठ | - | बरिष्ठ मुख्य प्रबन्धक |
| (छ) | श्रीमती ममता पौडेल | - | प्रमुख - पोलिसी सर्भिसिङ विभाग |
| (ज) | श्रीमती सबिना श्रेष्ठ | - | प्रमुख - अण्डरराइटिङ विभाग |
| (झ) | श्रीमती संगीता मैनाली | - | प्रमुख - लगानी विभाग |
| (ञ) | श्री गिरिराज घिमिरे | - | प्रमुख - अफिस सर्भिस विभाग |
| (ट) | श्री प्रकाशभक्त उपाध्याय | - | प्रमुख - मार्केटिङ्ग विभाग |
| (ठ) | श्री दामोदर पौड्याल | - | प्रमुख - लेखा विभाग |
| (ड) | श्री बिनेश रौनियार | - | प्रमुख- जोखिम विभाग |

साथै स्थानीय शाखा कार्यालयहरुका प्रमुखहरु र कर्पोरेट कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको।

६. **शेयरधनीहरुको उपस्थितिः**

भौतिक रुपमा जम्मा उपस्थित संख्याः २१७

७. **गणपुरक संख्या एवं बैधानिकताः**

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक/ सर्वसाधारण समूह) | २३,९६४ जना | २१७ | ७२.४९५ % |

Life Insurance Corporation (Nepal) Ltd.

| | | | |
|---|---|---|---|
| शेयरधनीहरुले ग्रहण गरेको कित्ता | २,६५,३२,००० कित्ता | १,९२,३४,४८४ कित्ता | |

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव श्री सुदर्शन गिरीले यो २२औं वार्षिक साधारणसभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनुभयो।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन:**

यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री सिद्वार्थ महान्तिज्यूको ममतामयी आमाको निधन साधारण सभा शुरू हुनु केही समय अगाडि भएकोले उहाँको निधनमा हार्दिक समवेदना प्रकट गर्दै अध्यक्षज्यूको अनुपस्थितिमा कम्पनीको २२ औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१५(ग) बमोजिम सञ्चालक सदस्य श्री तबलेश पाण्डेयज्यूले गर्नुभयो। प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ को अधिनमा रही सभाध्यक्ष श्री तबलेश पाण्डेयज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो।

९. **२२ औं वार्षिक प्रतिवेदनको प्रस्तुति:**

सभामा २२ औं वार्षिक प्रतिवेदन २०७९/८० प्रस्तुत गर्न अध्यक्षज्यूलाई अनुरोध गरिएपछि अध्यक्ष श्री तबलेश पाण्डेयज्यूले कम्पनीको २२ औं वार्षिक प्रतिवेदन अंग्रेजी भाषामार्फत् सभामा प्रस्तुत गर्नुभयो।

१०. **छलफलका लागि आह्वान:**

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो। यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो।

(क) श्री डमरू बल्लभ घिमिरे
(ख) श्री व्यास कुमार शर्मा
(ग) श्री सुदिप श्रेष्ठ
(घ) श्री ब्रम्हदेव शाक्य
(ङ) श्री चन्द्रनारायण श्रेष्ठ
(च) श्री उत्तमदत्त पाण्डे
(छ) श्री नरसिंह लाल चखूँ
(ज) श्री उद्धव प्रसाद घिमिरे
(झ) श्री बैजुनाथ रौनियार (लिखित मन्तव्य)
(ञ) श्री निरुपमा गुप्ता (लिखित मन्तव्य)
(ट) श्री रोजकुमार श्रेष्ठ (लिखित मन्तव्य)

Life Insurance Corporation (Nepal) Ltd.

(ठ) श्री सत्रुधन श्रेष्ठ (लिखित मन्तव्य)

(ड) श्री रामगोपाल महर्जन (लिखित मन्तव्य)

(ढ) श्री उत्तम पाठक (लिखित मन्तव्य)

(ण) श्री उत्सव नारायण श्रेष्ठ (लिखित मन्तव्य)

(त) श्री लक्ष्मण ब. श्रेष्ठ (लिखित मन्तव्य)

(थ) श्री माधव प्रसाद सिंखडा (लिखित मन्तव्य)

११. **प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरुः**

(क) शेयरधनी श्री डमरू बल्लभ घिमिरेले यस आर्थिक वर्षमा पनि कम्पनीले लाभांश प्रदान नगरेकोमा दुःख लागेको भएता पनि सबै शेयरधनी महानुभावहरूलाई उदास नहुन अनुरोध गर्नुभयो। हकप्रद शेयर निष्काशन गर्ने प्रक्रिया नेपाल धितोपत्र बोर्डमा पेश भई स्वीकृतिको अन्तिम चरणमा रहेको कारणले गर्दा यो वर्ष कम्पनीले लाभांश प्रदान नगरेको हो, हकप्रद शेयर निष्काशन गर्ने प्रक्रिया समाप्त भएपछि कम्पनीले लाभांश प्रदान गर्नेमा ढुक्क हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आग्रह गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो।

(ख) श्री व्यासकुमार शर्माज्यूले विषम परिस्थितिमा पनि कम्पनीले नाफा आर्जन गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो। बजारमा अस्वस्थ प्रतिस्पर्धा बढेकोले संलाचन खर्चमा मितव्ययिता ल्याउनु पर्ने,कर्मचारीहरूको संख्या कम रहेकोले सो तर्फ ध्यान दिन र कम्पनीलाई उच्च लाभांश प्रदान गर्न सक्ने हैसियतमा पुऱ्याउन सबै सरोकारवालाहरुले आ-आफ्नो स्थानबाट सहयोगीको भूमिका खेल्नु पर्नेमा जोड दिनु भयो।

(ग) श्री सुदिप श्रेष्ठज्यूले एक आर्थिक वर्षभित्र ३ वटा साधारण सभा सम्पन्न गरेकोमा कम्पनीलाई धन्यवाद दिनुभयो। संचालक समितिको प्रतिवेदन अंग्रेजी र नेपाली भाषा दुबैमा प्रस्तुत गरिएकोले शेयरधनीहरुलाई अध्ययन एवं विश्लेषण गर्न सजिलो भएको भन्दै खुशी व्यक्त गर्नुभयो र साथै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दै यथाशक्य चाँडो हकप्रद शेयर जारी गर्न अनुरोध गर्नु भयो।

(घ) श्री ब्रम्हदेव शाक्य ज्यूले **आफ्नो दोष देखाई दिनेलाई गाडेको धन देखाईदिने मित्र सम्झनुपर्दछ** भन्ने भनाई जस्तै शेयरधनीको सुझावहरूलाई कम्पनीले सकारात्मक रुपमा ग्रहण गर्नुपर्दछ भनेर जोड दिनुभयो। कम्पनीले आ.व. २०७८/७९ मा बीमा व्यबसाय गर्ने मध्ये सबै भन्दा बढी आयकर दाखिला गरी नेपाल सरकारबाट सम्मानित भएकोमा खुशी व्यक्त गर्दै कम्पनीका संचालक समिति, व्यवस्थापन समूह र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनु भयो।

(ङ) श्री चन्द्रनारायण श्रेष्ठले विगत केही वर्षहरू देखि कम्पनीको व्यवसायमा निरन्तर गिरावट आईरहेको र लगानीमा घट्दो व्याजदरले कम्पनीको समग्र आम्दानी नै प्रभावित हुनसक्ने भनी चिन्ता व्यक्त गर्नुभयो र सो तर्फ सचेत हुन आग्रह गर्नुभयो।

Life Insurance Corporation (Nepal) Ltd.

(च) श्री उत्तमलाल पाण्डेले कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी साधारण सभामा शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गरोस भन्ने चाहना व्यक्त गर्नुभयो ।

(छ) श्री नरसिंह लाल चखूँले कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली र सुशासन कायम गर्न सचेत हुनुपर्नेमा जोड दिदैं यथाशक्य हकप्रद शेयर जारी गरी तोकिएको न्यूनतम चुक्ता पूँजी कायम गर्न सुझाव दिनुभयो ।

(ज) श्री उद्धव प्रसाद घिमिरे ज्यूले वित्तीय विवरण सरसर्ती अध्ययनगर्दा सन्तोषजनक नै रहेको भनी कम्पनीलाई धन्यवाद दिनुभयो । उहाँले आगामी वर्ष कम्पनीले उच्चतम लाभांश प्रदान गरोस भन्ने कामना गर्नुभयो ।

(झ) श्री बैजुनाथ रौनियार लिखित मन्तव्य दिनुहुँदै नेपाल बीमा प्राधिकरणले आ.व. २०७९/८० को वित्तिय विवरण स्वीकृत गर्दा केही शर्तसहित स्वीकृत गरेको देखिएको छ, त्यस्ता शर्त एवं कैफियतहरूमा आगामी दिनमा सुधार हुँदै जाओस् र कम्पनी संस्थागत सुशासन पालनामा अब्बल ठहरियोस् भनी कामना गर्नु भयो ।

(ञ) रोजकुमार श्रेष्ठ, रामगोपाल महर्जन, निरुपमा गुप्ता, उत्तम पाठक, लक्ष्मण ब. श्रेष्ठ, उत्सवसुन्दर श्रेष्ठ, शत्रुधन श्रेष्ठ र माधव प्रसाद सिंखडाले लिखित मन्तव्य दिदैं कम्पनीले हकप्रद शेयर चाँडो भन्दा चाँडो निष्काशन गर्न, कर्पोरेट भवन निर्माण गर्न एवं आगामी वर्षमा शेयरधनीहरुलाई प्रतिफल दिन सुझाव दिनु भयो ।

१२. **शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तरः**

सभाध्यक्ष श्री तबलेश पाण्डेयज्यूले शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति सामुहिक जवाफ दिनुहुँदै शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकारात्मक प्रतिक्रिया र सुधारका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि हार्दिक आभार प्रकट गर्नु भयो । यस वर्ष कम्पनीको लगानीमा वृद्धि भई आम्दानीमा पनि वृद्धि भएको, बीमा व्यवसाय गर्ने मध्येहरुबाट सर्वाधिक कर दाखिला गरी नेपाल सरकारबाट सम्मानित भएको र कम्पनीले रेटिङमा "A" प्राप्त गरेको जानकारी साधारण सभालाई गराउँदै यसको श्रेय सबै सरोकारावालाहरूलाई जाने भनी खुशी व्यक्त गर्नुभयो ।

त्यसै गरी सभाध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रणय कुमारले शेयरधनीहरुको थप प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिई सवै शेयरधनी महानुभावहरुको जिज्ञासालाई मेट्नु भयो । आगामी वर्षको लाभांशबारे चर्चा गदै श्री कुमारले शेयरधनी महानुभावहरूलाई उचित प्रतिफल दिन आफ्नो दिलोज्यानले प्रयत्न गरिरहेको जानकारी गराउनु भयो ।

हकप्रद शेयर कहिले जारी गर्ने भन्ने शेयरधनी महानुभावहरुको जिज्ञासाको सन्दर्भमा यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. ले हकप्रद शेयर निष्काशन सम्बन्धी सम्पूर्ण प्रकियाहरू पुरा गरी नेपाल धितोपत्र बोर्डमा आवेदन गरीसकेको र त्यहाँबाट अनुमति प्राप्त हुनासाथ हकप्रद शेयर जारी गरिने सभालाई जानकारी गराउनु भयो । त्यसैगरी कम्पनीको आफ्नै कर्पोरेट भवन कहिले निर्माण हुने भन्ने जिज्ञासामा श्री कुमारले हाल कम्पनीको स्वामित्वमा रहेको आफ्नै जग्गामा भवन बनाउने बारेमा संचालक समितिमा छलफल चलिरहेको र सो बारेमा प्राविधिक अध्ययन भईरहेको सभालाई जानकारी गराउनु भयो ।

Life Insurance Corporation (Nepal) Ltd.

१३. सभाको निर्णयः

(क) **साधारण प्रस्ताव अन्तर्गत भएका निर्णयहरुः**

(१) अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७९/८० सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७९/८० को वासलात, आय-व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई सर्वसम्मतिका साथ पारित गरियो।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा यस कम्पनीको लेखा परिक्षण समितिको सिफारीस बमोजिम श्री के.जे. एशोसिएट्सलाई मु.अ.क बाहेक रू १०,००,०००/- (दश लाख) पारिश्रमिक निर्धारण गरि लेखा परिक्षकको रुपमा नियुक्त गर्न कम्पनीको संचालक समितिमा छलफल भई सभामा प्रस्ताव पेश गर्ने निर्णय भएकोमा सो प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(ख) **अध्यक्षको अनुमतिले अन्य कुनै विषय नरहेको जानकारी गराईयो।**

१४. धन्यवाद ज्ञापन र विसर्जनः

अन्त्यमा, सभाध्यक्ष श्री तबलेश पाण्डेयज्यूले साधारण सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. को २२औं वार्षिक साधारणसभा भव्य र शभ्य रुपमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै अपरान्ह १.१५ बजे सभाको विसर्जन गर्नुभयो।

| | | |
|---|---|---|
| .................... | | .................... |
| श्री सुदर्शन गिरी | Life Insurance Corporation (Nepal) Ltd. | श्री तबलेश पाण्डेय |
| (कम्पनी सचिव) | | (संचालक/सभाध्यक्ष ) |